NCE NEPAL

# कोरोना कहरमा एनसिई नेपालको पहल

कोभिड-१९ विशेष समाचारपत्र
अंक २

पछिल्ला दिनमा नेपालमा कोभिड-१९ अर्थात् कोरोना भाइरसको संक्रमण झन् बढ्दो अवस्थामा रहेको छ । यस अघिको कोभिड-१९ विशेष समाचारपत्रमा एनसिई नेपालले कोरोना भाइरस फैलिँदै गरेको प्रारम्भिक चरणमा बालबालिकाको शिक्षालाई निरन्तरता दिन गरिएको पहल र यससँग सम्बन्धित मुख्य क्रियाकलाप प्रस्तुत गरिएको थियो भने यस अंकमा एनसिई नेपालले जुलाई र अगष्ट महिनामा सम्पन्न गरेका क्रियाकलाप समावेश गरिएको छ ।

नेपाल सरकारले भाद्र १ गतेदेखि सुरू गर्ने भनेको विद्यालय भर्ना अभियान हाललाई गर्न सक्ने अवस्था नभएको कारण त्यसलाई अहिले स्थगन गरिएको छ । नेपालका विभिन्न ठाउँ अनुसार कोभिड १९ को संक्रमण र फैलावटको अवस्था फरक-फरक रहेको हुनाले वैकल्पिक शिक्षण सिकाइलाई निरन्तरता दिन देशभरिका स्थानीय तहहरूले आ-आफ्नो ठाउँको मूल्याङ्कन गरी सोहीअनुसार अघि बढ्ने योजना बनाएका छन् । अहिले पनि विद्यालयहरू बन्द नै राखेर कोरोना भाइरसको जोखिम न्यूनीकरण गर्ने कि शैक्षिक सत्रलाई अगाडि बढाउन विद्यालय खोल्ने भन्ने विषयमा स्थानीय सरकार र अन्य शिक्षाकर्मी र शिक्षाविद्हरूमा अन्यौल देखिन्छ । अवस्था प्रतिकुल बन्दै गरेको स्थितिमा सम्पूर्ण पाठ्यक्रम समेट्न नसकिने भएपछि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट न्यूनतम सिकाइलाई सुनिश्चित गर्दै शैक्षिक सत्रलाई संकुचन गरी शैक्षिक सत्र जोगाउने तयारी भइरहेको र यसका लागि पाठ्यक्रम समायोजन, मूल्याङ्कन विधि परिवर्तन र सिकाइ विधिमा सुधार आवश्यक रहेको जानकारी आएको छ । यस अघि मन्त्रालयले वैकल्पिक सिकाइ सहजीकरण गर्न निर्देशिका जारी गरी विद्यार्थीहरूलाई पहुँचको आधारमा पाँच वर्गमा पहिचान गर्न भनेको थियो ।

विपद् वा जस्तोसुकै अवस्थामा पनि बालबालिकाहरूको शिक्षा पाउने अधिकार सुनिश्चित गरिनुपर्छ भन्दै वकालत गर्दै आएको एनसिई नेपाललगायत नागरिक संघसंस्थाहरूले यस वर्षको शैक्षिक सत्र खेर जान नदिन मन्त्रालयलाई आवश्यक सुझाव प्रदान गर्दै आएका छन् । एनसिई नेपालले पछिल्लो दुई महिनामा समसमायिक विषयलाई समेटेर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय श्री गिरिराजमणि पोखरेललगायत शिक्षामा संलग्न अन्य व्यक्तित्वसँग चारवटा संवाद कार्यक्रमको आयोजना गर्नुका साथै समाज कल्याण परिषद्लाई गैरसरकारी संस्था तथा नागरिक संगठनहरूको सम्बन्धमा सुझाव पेश गरिएको छ र राष्ट्रिय योजना आयोगलाई स्वैच्छिक राष्ट्रिय समीक्षा (VNR) २०२० को सन्दर्भमा दिगो विकास लक्ष्य ४ मा नागरिक समाजको तर्फबाट ध्यानाकर्षण गर्दै ज्ञापन पत्र र प्रतिवेदन बुझाएको छ । यस अवधिमा एनसिई नेपालले राष्ट्रिय बजेट विश्लेषण, स्वैच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन र विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन गरी तीनवटा प्रकाशन सार्वजनिक गर्न सफल भएको छ । यसका साथै कोभिड १९ ले बालबालिका, सिमान्तकृत समुदाय र समग्र शिक्षा क्षेत्रमा परेको असर र यसको असर न्यूनीकरण गर्न हाल भइरहेका उदाहरणीय अभ्यासहरूको स्थलगत अध्ययन गरेर चारवटा जिल्लाबाट २० वटा मामला अध्ययन पनि तयार गरेको छ । कोरोना महामारीको समय (जुलाई-अगष्ट) मा एनसिई नेपालले सम्पन्न गरेका मुख्य-मुख्य गतिविधिहरूलाई संक्षिप्तमा यहाँ उल्लेख गरिएको छ ।

## समाजकल्याण परिषद्मा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालद्वारा सुझाव प्रस्तुत

शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले गैरसरकारी संस्था तथा नागरिक संगठनहरूको सम्बन्धमा समाजकल्याण परिषद्मा सुझाव पेश गरेको थियो, जसमा गैरसरकारी संस्था तथा सार्वजनिक शिक्षा सम्बन्धी विभिन्न समस्या तथा अव्यवहारिक



प्रावधानहरूबारे परिषद्को ध्यानाकर्षण गराइएको थियो । ध्यानाकर्षण पत्रमा गैससको व्यवस्थापनका लागि सामाजिक विकास परिषद्को व्यवस्था हुनुपर्ने, कम्पनी ऐन २०६३ अन्तर्गत गैरनाफामूलक कम्पनी दर्ता गर्ने व्यवस्था खारेज गर्नुपर्ने, गैसस दर्ता, नियमन र नवीकरणमा एकद्वार प्रणाली भित्र गर्ने व्यवस्था गर्ने लगायतका प्रावधानहरू सुनिश्चित गरी सामाजिक विकास ऐन तत्काल ल्याउनुपर्ने सुझाव समावेश गरिएको थियो । यसका साथै नेपाललाई छुट्याइएको ईयरमार्क (Earmark) बजेटमा अन्तर्राष्ट्रिय संस्थाहरूको पहुँच रोक्नुपर्ने, अन्तर्राष्ट्रिय निकायहरूले जिल्ला स्तरमा कार्यालय स्थापना गरी प्रत्यक्ष परियोजना संचालन गर्ने कार्य तत्काल रोक्न पहल गर्ने र शिक्षा क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरूलाई शिक्षा क्षेत्रमा बजेट बढाउन र दुर्गम क्षेत्रमा काम गर्ने संस्थालाई अभिप्रेरित गर्ने कार्यक्रम संचालन गर्ने समेत सुझाव नागरिक समाजको तर्फबाट प्रदान गरिएको थियो । विभिन्न अन्तर्राष्ट्रिय घोषणापत्रअनुसार पक्ष राष्ट्र भएको हैसियतले नेपालले पाउने अन्तर्राष्ट्रिय सहयोग सम्मानजनक रूपमा पाउन पैरवी गर्नुपर्ने, नेपालको लागि आएको सहयोगमा परामर्शदाताहरू नेपाली नागरिकहरूबाटै हुनुपर्ने व्यवस्था लागू गर्नुपर्ने, दिगो विकासको कार्यान्वयनमा बहुपक्षीय साझेदारीको विकास गर्दै स्थानीय, प्रदेश र संघीय तहमा नागरिक समाजको साझेदारीको सुनिश्चित गर्ने कानुन निर्माण गरिनुपर्ने लगायतका विषयमा परिषद्को ध्यानाकर्षण गराइएको थियो । यसैगरी विद्यालय र बालबालिका शान्तिक्षेत्र कायम गर्न गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न, शिक्षामा बढ्दो निजीकरणलाई नियमन तथा न्यूनीकरण गर्न र दिगो विकास लक्ष्य ४ को प्रभावकारी कार्यान्वयनका लागि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारको तहमा पर्याप्त कानुनी प्रवन्ध हुनुपर्ने सहितको सुझाव पेश गरिएको थियो ।

समाजकल्याण परिषद्ले यी सुझावहरू अहिले संशोधन प्रक्रियामा रहेको “एकिकृत सामाजिक विकास ऐन” तथा अन्य गाईडलाइन र नीति निर्माणमा समावेश गरिनुका साथै नागरिक संगठन र सरकारबीच प्रभावकारी समन्वय कायम गर्न समाजकल्याण परिषद्ले मध्यस्थको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएको छ ।

सुझावको विस्तृत विवरण तलको लिङ्कबाट हेर्न सकिन्छ ।

https://drive.google.com/file/d/1f7-A5IKVOPiQ_SKe1AnbPZ-tEUmxCpga/view

# शिक्षाका लागि समसामयिक विषयमा शिक्षा मन्त्रीसँग साक्षात्कार

कोभिड १९ का कारण देशभर लागू गरिएको पहिलो लकडाउनको अवस्थामा सरकारले जारी गरेको वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७ को कार्यान्वयन, एसईईको आन्तरिक मूल्यांकनको विधि तथा प्रमाणीकरण, शिक्षा ऐन २०२८ को संशोधन साथै निजी विद्यालयको शुल्कका बारेमा छलफल गर्ने उद्देश्यका साथ शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले **“शिक्षाका समसामयिक विषयमा शिक्षा मन्त्रीसँग साक्षात्कार”** कार्यक्रम आयोजना गरेको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल प्रमुख वक्ताको रूपमा रहनुभएको उक्त संवादमा नेपाल शिक्षक महासंघका अध्यक्ष बाबुराम थापा, बरिष्ठ पत्रकार राजेन्द्र दाहाल, शिक्षाविद् डा. षडानन्द कँडेल, शिक्षाविद् प्रा. डा. विद्यानाथ कोईराला, शिक्षाविद् डा. सुशन आचार्य, विद्यालय



व्यवस्थापन समिति महासंघका अध्यक्ष कृष्ण थापा र सिजपका मधु दवाडीलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा शिक्षा विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले भर्खर कार्यान्वयनमा आएको वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७ को प्रभावकारिता अध्ययन गरिने, मन्त्रालयले आपतकालीन शिक्षा योजनाहरू निर्माण गरिरहेको, शैक्षिक सत्र खेर जान नदिन र सबै बालबालिकालाई वैकल्पिक सिकाइमा समावेश गराउन मन्त्रालय गम्भीर रहेको, उच्च शिक्षा ऐन तथा प्राविधिक शिक्षा ऐन विधेयक कानुन मन्त्रालयमा पठाउने क्रममा रहेको निजी विद्यालयसँग विद्यार्थी शुल्कबारे छलफल गरिने र एसईई र कक्षा ११ को मूल्यांकन कसरी गरिनेछ भन्ने बारे प्रष्ट पार्नुभएको थियो ।

वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७ मा बालबालिकालगायत शिक्षा क्षेत्रमा क्रियाशील नागरिक समाजहरूको सुझाव संकलन गरी जिल्लास्तरमा पनि संरचनाहरू निर्माण गर्नुपर्ने र सो को कार्यान्वयनमा शिक्षकहरूको क्षमता विकासमा जोड दिइनुका साथै स्थानीय तहको प्रभावकारिता र स्वामित्व बढाउनुपर्ने वैकल्पिक सिकाइबाट छुटेका बालबालिकालाई रिमेडियल क्लासको व्यवस्थापन गरिनुपर्ने, त्यस सम्बन्धी तयार गरिएका स्वाध्ययनका सामग्रीहरू विद्यार्थी माझ पुऱ्याउनु पर्ने र चार हजार भन्दा बढी विद्यालयहरूमा रहेको क्वारेन्टिनलाई हटाउन योजना बनाउनु पर्नेजस्ता सुझावहरू उक्त कार्यक्रममा प्राप्त भएका थिए ।

उक्त कार्यक्रमको भिडियो तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।
https://www.youtube.com/watch?v=6k25cP71oyU

सो कार्यक्रमपश्चात जारी गरिएको प्रेस विज्ञप्ति तलको लिङ्कमा गएर पढ्न सकिन्छ ।
https://drive.google.com/file/d/1YuVDawye-ySW_LjTEmN1KYkhlW1I5maS/view

# "नयाँ शैक्षिक सत्र र विद्यार्थी भर्ना" विषयक छलफल कार्यक्रम

विद्यार्थी भर्ना सँगसँगै शैक्षिक सत्रलाई भदौबाट सुरू गर्ने सरकारको निर्णय अहिलेको सन्दर्भमा कतिको उपयुक्त हुन्छ भन्ने विषयमा छलफल गर्ने उद्देश्यका साथ शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले **"नयाँ शैक्षिक सत्र र विद्यार्थी भर्ना"** विषयक संवाद कार्यक्रममा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उप-महानिर्देशक अण प्रसाद न्यौपाने, बुढानीलकण्ठ नगरपालिकाका नगर प्रमुख उद्धव प्रसाद खरेल, नेपाल अभिभावक संघका अध्यक्ष सुप्रभात भण्डारी, प्याब्सनका उपाध्यक्ष दिपिका रिमाल र शिक्षा पत्रकार रोश्ना सुब्बाको मुख्य उपस्थितिका साथ सम्पन्न गरिएको थियो ।

कार्यक्रममा अनलाइन सिकाइ प्रविधिमा क्रमशः विद्यार्थी तथा अभिभावक सचेत हुँदै आएको तथा विद्यार्थी भर्नामा हिजोको जस्तो सहज वातावरण नरहेकोले बालबालिकाको अवस्था हेरेर (कहिल्यै भर्ना नभएका, विद्यालय बाहिर रहेका) सोहिअनुरूप सबै बालबालिकालाई मध्यनजर गर्दै र जोखिमको पहिचान गरेर अगाडि बढ्नुपर्ने र बालबालिकाको शैक्षिक सिकाइ असारबाट नै सुरूवात भएतापनि शैक्षिक गणना कहिलेबाट गर्ने भन्ने विषयमा छलफल जारी रहेको, निष्कर्षमा नपुगेको तर भदौसम्म निर्णय लिनेलगायतका विषयमा सघन संवाद भएको थियो ।

कार्यक्रममा वक्ताहरूले वैकल्पिक शिक्षा संचालनको लागि भनेर




अतिरिक्त शुल्क लिने कि नलिने, वैकल्पिक शिक्षालाई थप प्रभावकारी कसरी बनाउने, बालबालिकाको शैक्षिक अधिकारमा सबैको पहुँच सुनिश्चित, पाठ्यक्रम मर्ज गर्ने सम्बन्धी विषयमा पनि छलफल भएको थियो ।

कार्यक्रममा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका कार्य समिति सदस्य, प्रदेश संयोजक, सदस्य संस्थाका प्रतिनिधि, शिक्षा सरोकारवाला र फेसबुक लाइभमार्फत करिव ३०० जना शिक्षाकर्मीहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रमको भिडियो तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।
https://www.youtube.com/watch?v=6NuJkN-GPbE

# विद्यालय पुनः संचालन कहिले र कसरी ? विषयक बहस

कोरोनाको संक्रमण बढ्दो क्रममा भएको हुनाले नेपाल सरकारको निर्णयअनुसार भदौ १ गतेदेखि गर्न भनिएको भर्ना कार्यक्रम अब के कस्तो हिसावले अघि बढ्नु पर्छ भन्ने बारे जानकारी लिन एनसिई नेपालले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता श्री दिपक शर्मा, गाउँपालिका महासंघका अध्यक्ष श्री होमनारायण श्रेष्ठ र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री कृष्ण थापासँग "**विद्यालय पुनः संचालन कहिले र कसरी**" भन्ने विषयमा बहस चलाइएको थियो ।





कार्यक्रममा बक्ताहरूले विद्यालय खोल्ने भन्दा सिकाइ निरन्तरता दिन आवश्यक भएकाले विद्यार्थीहरू जहाँ भए पनि शिक्षामा जोडिने गरी शिक्षण सामग्री पुऱ्याएर हुन्छ वा अन्य वैकल्पिक तरिकाबाट उनीहरूलाई पठनपाठनमा संलग्न गरिनुपर्ने, स्थानीयस्तरमा विभिन्न सरोकारवालाहरू बसेर वास्तविक अवस्थाको विश्लेषण गरी कसरी पठनपाठनलाई अगाडि बढाउन सकिन्छ भन्ने विषयमा सहजीकरण गरिदिन स्थानीय सरकारको पहल तथा प्रदेश र केन्द्रीय सरकारको सहयोग जरूरी देखिएको र विद्यालय पुनः संचालनको कार्य ढाँचाबारे अभिमूखीकरण गरी विद्यार्थीहरूलाई विश्वासको वातावरण दिलाउँदै कोरोनाको महामारी सम्बन्धी विज्ञहरूको सल्लाहअनुसार मात्र अगाडि बढ्नुपर्ने कुरामा जोड दिइएको थियो ।

उक्त कार्यक्रमको भिडियो तलको लिङ्कमार्फत हेर्न सकिन्छ । https://www.facebook.com/nce.nepal.9 /videos/1480873472116276/

# "युवाका लागि युवा:अबको कार्यमा" विषयक छलफल कार्यक्रम

युवालाई आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रको नेतृत्वमा अघि सार्दै देश विकासमा उनीहरूको भूमिका कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने विषयमा केन्द्रीत भई अन्तर्राष्ट्रिय युवा दिवस २०२० को सन्दर्भमा एनसिई नेपालले **"युवाका लागि युवा: अबको कार्यमा"** विषयक छलफल सम्पन्न गरेको छ । उक्त कार्यक्रममा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष श्री माधव प्रसाद ढुंगेल, नेपाल विद्यार्थी संघका महामन्त्री श्री युवराज पाण्डे, अनेरास्ववियुकी पूर्व उपाध्यक्ष सुनिता बराल, टिच फर नेपालकी प्रमुख कार्यकारी अधिकृत स्वस्तिका श्रेष्ठ र ब्लाईन्ड रक्सकी संस्थापक सृष्टि के.सी. मुख्य वक्ताका रूपमा सहभागी हुनुहुन्थ्यो ।



कार्यक्रममा वक्ताहरूले युवालाई एउटा श्रम शक्तिको रूपमा मात्र नभई वास्तवमा नै जनशक्तिको रूपमा लिएर उनीहरूको सहभागिता हुने स्थान सिर्जना गरिनुपर्ने कुरामा जोड दिएका थिए । नेपालमा युवाको संख्या कूल जनसंख्याको ४० प्रतिशत भन्दा बढी भए तापनि निर्णायक ठाउँमा न्यून सहभागिता भएको, अहिलेका युवामा सृजना गर्ने शक्ति, क्षमता र तागत भए तापनि सही रूपमा सदुपयोग नभएको र नेतृत्व गर्ने विकल्पका साथ अगाडि ल्याउन नसकिरहेको यथार्थ औँल्याइएको थियो । नेपाल सरकारले युवासम्बन्धी घोषणा गरेका

कार्यक्रम प्रभावकारी नभएको, स्थानीय तहका प्रमुख पदमा युवाको उपस्थिति नभएको सन्दर्भ उठेका थिए । उक्त संवाद कार्यक्रममा विश्व विद्यालयलाई अनुसन्धान केन्द्रीत बनाइनुपर्ने, विद्यार्थी आन्दोलनको स्वरूप बदल्नुपर्ने, युवालाई स्थान दिन राजनैतिक पार्टीको कमिटीलगायत संसदीय निर्वाचनमा केही बाध्यात्मक व्यवस्था बनाइनुपर्ने, स्थानीयदेखि राष्ट्रिय स्तरसम्म र नीतिदेखि नेतृत्व तहसम्म नै युवाहरूले हस्तक्षेपकारी भूमिकामा जान जरूरी रहेको र यसका लागि युवाहरूले एक-अर्कामा सहयोग सहकार्य गर्नुपर्ने, गुणस्तरीय र नि:शुल्क विद्यालय शिक्षाका साथै विशिष्टिकृत विश्व विद्यालय शिक्षा प्रदान गरिनुपर्ने धारणा वक्ताहरूले राखेका थिए । युवालाई नेतृत्व गर्ने स्थानको सिर्जना गर्न जरूरी भएको, दक्ष जनशक्ति तयार गर्नको लागि शिक्षा सबभन्दा महत्वपूर्ण रहेकोले सार्वजनिक शिक्षाको सुदृढीकरण गरिनुपर्ने, सिमान्तकृत, अल्पसंख्यक, र अपाङ्गता भएकालगायत सबै युवालाई सीपमूलक तालिम दिइनुपर्ने र युवा लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने कुरामा वक्ताहरूको जोड रहेको थियो ।
कार्यक्रममा एनसिई नेपालका कार्यसमिति सदस्य र विभिन्न क्षेत्रमा कार्यरत युवा गरी ८० जना व्यक्तिहरूको सक्रिय सहभागिता रहेको थियो । सो कार्यक्रमको साझा निश्कर्ष राष्ट्रिय युवा परिषदलगायत प्रतिनिधि सभाका सदस्यहरूमा समेत बुझाइएको छ । उक्त निश्कर्ष यो लिङ्कमा गएर हेर्न सकिन्छ ।

https://drive.google.com/file/d/1ysVnlCptPctjqRx-HI0stnsFKOUrDbbn/view

उक्त कार्यक्रमको भिडियो तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।

https://www.youtube.com/watch?v=irdY3BdhJjU&t=3207s

# राष्ट्रिय योजना आयोगलाई प्रतिवेदन र ज्ञापनपत्र प्रस्तुत

स्वैच्छिक राष्ट्रिय समीक्षा (VNR) २०२० को सन्दर्भमा, एनसिई नेपालले **दिगो विकास लक्ष्य ४ मा नागरिक समाजको ध्यानाकर्षण** जनाउँदै राष्ट्रिय योजना आयोगमा ज्ञापनपत्रका साथै प्रतिवेदन पनि बुझाएको छ । उक्त प्रतिवेदनमा विशेष गरी लक्ष्य नं ४ को प्रगती, चुनौती र सुझावलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । सो प्रतिवेदन उच्च स्तरीय राजनीतिक मञ्च (High Level Political Forum - HLPF 2020) मा आस्वेको सहयोगमा बुझाइएको छ ।

प्रतिवेदनमा एनसिई नेपालले अनलाइन र प्रविधिको नाममा निजी तथा व्यावसायिक प्रतिष्ठानहरूको अनावश्यक संलग्नतालाई नियमन गर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउनुका साथै विकास साझेदार संस्थाहरूले शिक्षामा सहयोग बढाउन प्रतिबद्धता गर्न र केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारले शिक्षा प्रणालीमा पर्याप्त लगानी बढाउन र नागरिक समाज संस्थाहरूको सहभागिताको लागि संस्थागत संयन्त्रको लागि पनि आव्हान गरिएको छ । यस वाहेक प्रतिवेदनमा, स्रोतहरूको सदुपयोग गर्न, कर छलीलाई नियमन गर्न र शिक्षामा आन्तरिक स्रोत परिचालन गर्नसमेत नेपाल सरकारलाई अनुरोध गरिएको छ । दिगो विकास लक्ष्यको लागि संघीय तहमा तयारी चरणका कामहरू र संस्थागत संरचना संन्तोषजनक पाइएको तर तल्लो तहमा स्थानीयकरण र राजनीतिक स्वामित्व अझै अपर्याप्त रहेको विद्यमान अवस्था देखिन्छ ।



प्रतिवेदनमा उल्लेखित केहि महत्वपूर्ण जानकारीहरू यसप्रकार छन् : प्राथमिक तहमा खुद भर्नादर ९२.९ प्रतिशत पुगेको तर लक्ष ९८.५ प्रतिशतभन्दा कम नै रहेको, आधारभूत तहमा भर्ना भएका मध्ये आधा छात्रा भएकोले लैङ्गिक समानता सूचक पूरा भएको, कक्षा १० सम्म छात्राको टिकाउदर ६१.६ प्रतिशत र छात्रको ५९.१ प्रतिशत रहेको, अहिले पनि कक्षा ५ का विद्यार्थीहरूको गणित तथा भाषा सीपमा प्रदर्शन कमजोर नै रहेको, अभिभावक र बालबालिकाहरूले ट्यूसन शुल्क र अन्य विद्यालय शुल्क तिरिरहेका, ५ देखि १२ वर्ष सम्मका ३०.६ प्रतिशत अपांगता भएका बालबालिका विद्यालय बाहिर रहेको, करिव १६ लाख बालबालिका काम गरिरहेको र ११.८

प्रतिशत दलित छात्राहरू माध्यमिक विद्यालयमा अध्ययनरत, भर्चुअल कक्षाको उपभोग गर्न आधाभन्दा कम जनसंख्याको मात्र इन्टरनेटसम्म पहुँच रहेको, र करिव २५ लाख विद्यार्थी र युवा युवतीहरूसँग कुनै किसिमको प्राविधिक उपकरण नभएको, कोभिड १९ द्वारा सृजित थप समस्याहरूले गर्दा करिव २१ लाख बालबालिका विद्यालय छोड्ने खतरा कायम रहेको आदि।

एनसिई नेपालले राष्ट्रिय योजना आयोगलाई बुझाएको पूर्ण प्रतिवेदन (VNR Report) तलको लिङ्कमा गएर हेर्न सकिन्छ। https://drive.google.com/file/d/1QJ3S4i46RgGxe2qrCr_HPt7MvX9NARlz/view


# कोभिड-१९ सम्बन्धी मामला अध्ययन सम्पन्न

**एनसिई नेपालले कोभिड १९ ले सिमान्तकृत समुदाय, बालबालिका र युवामा पारेको प्रभाव र स्थानीय पहल सम्बन्धी विषयवस्तुमा आधारित रहेर केही प्रतिनिधिमूलक मामला अध्ययन (केस स्टडी) कार्य सम्पन्न गरेको छ।**

## १. कोभिड-१९ ले सिमान्तकृत समुदायमा पारेको असर र स्थानीय तहको पहल

बाजुरा, कैलाली, पर्वत र पर्सा गरी चार जिल्लाका विभिन्न स्थानमा कोभिड १९ ले बालबालिकाको सिकाइमा परेको असर, विद्यालय बन्द रहँदा त्यहाँका शिक्षक शिक्षिका, अभिभावक, स्थानीय तह र सरोकारवालाले सिकाइ निरन्तरता दिन गरेका केही अनुकरणीय अभ्यास साथै अहिलेको अवस्थामा वैकल्पिक माध्यमबाट सिकाइ सुरूवात गर्दा सामना गर्नुपरेका चुनौती समेटेर यी चार जिल्लामा पाँच-पाँचवटा गरी २० वटा मामला अध्ययन तयार गरिएको छ जसबाट यहाँका बालबालिका र उनीहरूको हालको अवस्थाको वास्तविक चित्रण भएको पाइन्छ ।

विद्यालयले आन्तरिक श्रोतको परिचालन गरी स्वतःस्फुर्त रूपमा आफ्ना विद्यार्थीहरूको वैकल्पिक शिक्षामा प्रयोग हुने साधन सम्बन्धी तथ्यांक संकलन गरेको, शिक्षक शिक्षिकाहरू तालिका बनाएर विद्यार्थीको घरदैलोमा गई गृहकार्य वितरण गरेको, सुरक्षाको मापदण्ड अपनाई पाठ्यपुस्तक वितरण गर्नुका साथै कसरी प्रयोग गर्ने भन्नेबारे अभिमूखीकरण गरेको, स्थानीय तहसँग समन्वय गरी पालिकास्तरीय वैकल्पिक शिक्षाको योजना तयार गरेको, सिमान्तकृत समुदायको बालबालिकालाई स्टेशनरी सामग्री उपलब्ध गराइएकोजस्ता असल अभ्यासहरू पाइएको छ भने केही स्थानमा स्थानीय तह र विद्यालयको विशेष पहल नहुँदा र विद्युतीय उपकरणका साधनमा पहुँच नहुँदा बालबालिकाहरू पढाइबाट विमुख भई घरायसी र खेतबारीको काममा मात्र व्यस्त भएको, यो बदलिंदो परिस्थितिलाई सामना गर्न नसकेर बालबालिकामा मानसिक तनाब बढेको, कुलतमा लागेको र समुदाय नजिकैको विद्यालयलाई क्वारेन्टिन बनाइएकोले अभिभावक तथा विद्यार्थीहरूमा डर र त्रासको अवस्था रहेको, विद्यालयले विद्यार्थीसँग जोडिन केही पहल




गर्न खोज्दा स्थानीय तहले समन्वय नगरेको अवस्था पनि भेटियो। यी मामला अध्ययनबाट उजागर भएका तथ्यहरूले स्थानीय तहलगायत शिक्षामा आबद्ध रहेका संघसंस्था र सरोकारवालालाई कोरोना महामारीबीच विद्यार्थीहरू कस्तो अवस्थामा छन् र उनीहरूको अवस्थालाई सम्बोधन गर्न के कस्ता कदम चालिनु पर्छ भन्ने सुझाब समेत संकलन भएका छन् ।

## २. कोभिड-१९ ले युवामा पारेको असर सम्बन्धी मामला अध्ययन

कोरोना महामारीको अवस्थामा ललितपुरको डुकुछाप, बुङमती र प्यानगाँउ क्षेत्रका सिमान्तकृत युवाहरूले आफ्नै ठाउँका युवाहरूको शैक्षिक अवस्था अध्ययन गर्नुका साथै विभिन्न सामाजिक कार्यहरूमा संलग्न भई महामारीले

पारेको असर न्यूनीकरण गर्न स्थानीय तहसँग समन्वय गर्दै सचेतीकरण कार्यक्रमदेखि राहत वितरण सम्मका कार्यमा उल्लेखनीय भूमिका खेलेको कुरा त्यहाँका युवाद्वारा नै तयार पारिएका २० वटा मामला अध्ययनले देखाउँछ ।

यी युवाहरूले आफ्नो समुदायका विद्यार्थीहरूको लागि ट्युसन कक्षा संचालन, समुदायको सरसफाई, बालबालिकाको सिकाइ निरन्तरता दिन सुरक्षित स्थानको सृजना, जाँडरक्सी र जुवाको कुलतमा लागेका र मानसिक तनाव खेपिरहेका आफ्ना साथी तथा अन्य समुदायका सदस्यलाई परामर्श दिने र बालविवाह हुनबाट बचाउने आदि काममा अघि सरेको देखिन्छ ।

साथै यी युवाहरूले आफ्नो क्षेत्रमा कोरोना महामारीले अवरुद्ध भएको शिक्षण सिकाइलाई निरन्तरता दिन कम मूल्यमा सबै परिवारलाई विद्युतीय सिकाइ उपकरण र इन्टरनेट सुनिश्चित गरिनुपर्ने, युवालाई स्वंयसेवी काममा सहि ढंगले परिचालन गरिनुपर्ने, युवाहरूका लागि विचार आदान-प्रदान गर्न सुरक्षित स्थानको व्यवस्था गरिनुपर्ने, उनीहरूले गर्ने योगदान र चालेका सकारात्मक कदमको सम्मान गरिनुपर्ने र मनोसामाजिक परामर्शका कार्यक्रमहरू स्थानीय मिडीयाबाट स्थानीय भाषामा प्रसारण गरिनुपर्नेजस्ता अमूल्य सुझावहरू यो मामला अध्ययनमार्फत प्रस्तुत गरेका छन् ।

# जिल्ला समन्वय समितिका गतिविधिहरु

## रेडियो कार्यक्रम र पिएसए

कोभिड १९ ले विद्यालयहरू बन्द भएपश्चात् विद्यार्थीहरूको पढाइमा परेको प्रभाव र उनीहरूको सिकाइलाई निरन्तरता दिन स्थानीय सरकारलगायत अन्य सरोकारवालाहरूको भूमिकाबारे




छलफल गर्न पर्वत, रूपन्देही, पर्सा, नवलपुर, दाङ, सुर्खेत, पाल्पा, स्याङ्जा, कपिलवस्तु, बाजुरा, कैलाली र धनुषा गरी १२ वटा जिल्लामा १६५ वटा रेडियो कार्यक्रम संचालन भएका छन् । यी र दैलेख जिल्ला गरी १३ वटा जिल्लाका स्थानीय एफएम रेडियोहरूमार्फत कोरोना भाइरस बारेको सचेतना, बालबालिकाको शिक्षा तथा संरक्षण, अभिभावकको भूमिका, स्थानीय सरकारहरूबाट गरिएको अपेक्षा तथा बाल-मनोपरामर्श आदि विषयबस्तुहरू समावेश गरी पिएसए बजाउने काम पनि गरिएको छ ।

रेडियो कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि तथा शिक्षा प्रमुख, राजनैतिक दलका प्रतिनिधि, संघ र प्रदेशसभाका सदस्य, संचारकर्मी, शिक्षक, विद्यार्थी अभिभावक, शिक्षाविद्, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, गैर-सरकारी संस्थाका




प्रतिनिधि, नागरिक समाजका अगुवालगायत प्रदेशका मुख्यमन्त्री र पूर्व राष्ट्रपतिसमेतको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी भएका अतिथिहरूले कोभिड १९ ले निम्त्याएका चुनौतीहरूको अवस्थामा शिक्षाको अधिकार सुनिश्चित गर्न आफ्नो भूमिका र प्रतिबद्धताका साथै अहिले भइरहेका वैकल्पिक सिकाइ सम्बन्धी राम्रा अभ्यासहरू प्रस्तुत गरेका थिए । यी जिल्लाहरूमा रेडियो कार्यक्रमले प्रभावकारिता देखाएको र दूरदराजमा बसेका बालबालिका, शिक्षक र अभिभावकलाई समेट्न सकेको छ ।




## भर्चुअल बैठक

रेडियो कार्यक्रमका साथै पर्वत, रूपन्देही, पर्सा, दाङ, सुर्खेत, पाल्पा, बाजुरा र कैलाली गरी ८ जिल्लामा ४५ वटा भर्चुअल शैक्षिक संवाद कार्यक्रम पनि संचालन भएका छन् । यी संवाद कार्यक्रममा समता र लैङ्गिक दृष्टिकोणबाट स्थानीय तहको




बजेट विश्लेषण, भर्चुअल शिक्षाको सम्भावना, वैकल्पिक सिकाइ प्रवर्धनमा सामुदायिक र निजी विद्यालयको भूमिका, कोभिड १९ ले बाल मनोविज्ञानमा पारेको असर, प्रारम्भिक बाल विकासको योजना, वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ मा स्थानीय तहको अभ्यास, विद्युतीय सिकाइको पहुँचबाट टाढा रहेका बालबालिकालाई समेट्ने उपाय, विद्यालयमा राखिएको क्वारेन्टिन, लैङ्गिक हिंसाका कारण शिक्षामा पर्ने असर, संकटको शिक्षा प्रवर्द्धनमा विभिन्न सरोकारवालाको भूमिका र आगामी नीति तथा कार्यक्रममा यो



किसिमको शिक्षा कसरी समावेश गर्ने जस्ता विषयमा केन्द्रीत भई नागरिक समाज, शिक्षा शाखा प्रमुख, सामाजिक अभियन्ता, शिक्षक महासंघ, पत्रकार महासंघ , जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, शिक्षक, अभिभावक, विद्यार्थी, आदिसँग छलफल सम्पन्न भएको छ ।







जिल्लास्तरमा सञ्चालन भएका यी गतिविधिहरूले वैकल्पिक सिकाइ वातावरण निर्माण गर्न सहयोग पुऱ्याएको, पालिकाहरूलाई शिक्षामा बजेट बढाउन दवाव सिर्जना भएको, र स्थानीय समुदायमा शैक्षिक जागरण तथा जिम्मेवारीवोधका लागि सकारात्मक प्रभाव परिरहेको पृष्ठपोषण प्राप्त भएको छ ।

# अनुसन्धान र प्रकाशनहरु

## १. राष्ट्रिय शिक्षा बजेट विश्लेषण

संघीय सरकारले आर्थिक वर्ष २०७७/७८ मा प्राथमिकता दिएका मुख्य क्षेत्र र त्यसमा पनि विशेष गरी शिक्षा क्षेत्रको विकासको लागि छुट्याएको बजेटको पहिचान र विश्लेषण गर्न यो अध्ययन सम्पन्न गरिएको हो ।




यस आर्थिक बर्षमा गत बर्ष भन्दा बढी बजेट छुटयाइएको भएपनि अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप अहिले पनि शिक्षा क्षेत्रको बजेट कम नै रहेको र दक्ष कर्मचारी र प्राविधिक ज्ञानको अभावले गर्दा प्रदेश र स्थानीय तहको लागि छुट्याइएको बजेटको सदुपयोग र खर्च हुन नसक्नु चिन्ताको विषय भइरहेको सन्दर्भमा कोभिड महामारीले सिर्जित समस्या समाधान गर्नका लागि पनि बजेट अपर्याप्त रहेको सो अध्ययनले देखाएको छ । उक्त अध्ययन तलको लिङ्कमा गएर पढ्न सकिन्छ । https://drive.google.com/file/d/170_KLKnVzUtksx-3WWfF0pm7nlL-Qypf/view

## २. विश्वव्यापी आवधिक समीक्षा (UPR) मा नागरिक प्रतिवेदन

नेपालका नागरिक समाज संस्थाहरूले 'शिक्षाको अधिकार' बारे संयुक्त राष्ट्र संघको विश्व्यापी आवधिक समीक्षामा नेपालको शिक्षासम्बन्धी प्रावधानहरू र त्यसमा सुधार्नुपर्ने पक्ष समेटेर प्रतिवेदन बुझाएको छ ।

नेपालको संविधानको मर्म अनुरूप नयाँ शिक्षा ऐन ल्याउनुपर्ने, दिगो विकास लक्ष्य प्राप्तिको लागि नागरिक समाजको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने, निःशुल्क र अनिवार्य शिक्षाको कार्यान्वयन सुनिश्चित गर्नुपर्ने, शिक्षाको बजेट २४५ पुऱ्याउनुपर्ने, निजी विद्यालयलाई नियमन गर्न निर्देशिका बनाउनुपर्ने, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि स्रोतको व्यवस्था गर्नुपर्ने, अपांगता भएका बालबालिका तथा अन्य पिछडिएका बालबालिकाको लागि समावेशी शिक्षामा पहुँच हुनुपर्ने, बालविवाह, दुर्व्यवहार, दण्ड सजाय सम्बन्धी प्रावधानहरूको कार्यान्वयन र अनुगमन हुनुपर्ने, नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन सम्बन्धी प्रावधानमा


Nepal CSOs' Submission on Right to Education to the United Nations Universal Periodic Review (UPR Third Cycle Reporting)

July, 2020



तालमेल हुनुपर्ने लगायतको सुझावहरू प्रतिवेदनमा समावेश गरिएको छ ।

उक्त प्रतिवेदन तलको लिङ्कमा गएर पढ्न सकिन्छ । https://drive.google.com/file/d/1QkOjk--xPh4xLODMuax51HPanQyK_8N5/view

# एनसिईं नेपाल केन्द्रद्वारा सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु

- एनसिई नेपालले आफ्ना सदस्य संस्थाहरूलाई जुमको प्रयोग गर्न, सामाजिक संजाल र फेसबुक लाइभद्वारा कार्यक्रमको अपडेट गर्न सिकाइ गराउनुका साथै प्राविधिक क्षमता अभिवृद्धि गर्न मद्दत गरेको,
- आवश्यकता तथा औचित्यका आधारमा एनसिई नेपाल केन्द्रले आफ्ना जिल्ला सञ्जालहरूसँग नियमितरूपमा भर्चुअल बैठकहरू सम्पन्न गर्ने तथा विपद्को समयमा बालबालिकाको सिकाइलाई निरन्तरता दिनका लागि गर्न सकिने क्रियाकलाप तथा स्थानीय स्तरमा सम्पन्न भएका गतिविधिहरूका बारेमा पारस्परिक अनुभव आदन-प्रदान गर्ने कार्य सम्पन्न गरिरहेको, यसबाट एनसिई नेपालको बृहत्तर परिवारका बीच बुझाई तथा कार्य सञ्चालनमा एकरूपता कायम गर्न सहयोग पुगेको,
- एनसिई नेपालका कर्मचारी र बोर्ड मिलेर अन्तर्राष्ट्रिय युवा दिवसमा ASPBAE क्षेत्रीय सम्मेलन, ASPBAE को आठौं साधारण सभाको लागि राष्ट्रिय छलफल कार्यक्रममा सहभागिता भएको छ । साथै SDG र VNR रिपोर्टको सुरुआतका बारेमा जुम बैठक, GCE बोर्ड बैठक, दिगो विकास लक्ष्य ४.७ बैठकजस्ता विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन, सभा र बैठकहरूमा उत्साहजनक सहभागिता भएको,
- यस अभियानले अभिभावक, विद्यार्थी तथा शिक्षकहरुको सचेतना अभिबृद्धि गर्न विभिन्न सामाजिक संजाल तथा स्थानीय रेडियोहरुको प्रयोग गरी सन्देशमूलक सामग्रीहरु प्रशारण गरिरहेको,
- विपद्को वर्तमान समयमा केन्द्र तथा जिल्लास्तरमा सञ्चालन गरिएका विविध शैक्षिक कार्यक्रमहरूले एनसिई नेपाललाई सार्वजनिक शिक्षाको क्षेत्रमा काम गर्ने एउटा सशक्त नागरिक संगठनको परिचय पुनः एकपटक स्थापित भएको ।

# एनसिई नेपाल जिल्ला समन्वय समितिद्वारा सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु

- विपद्ले बालबालिकाको शिक्षामा पारेको असर न्यूनीकरण गरी शिक्षाको अधिकार सुनिश्चितताका लागि सरोकारवालाहरूले खेल्नुपर्ने भूमिका समेटिएको रेडियो कार्यक्रम, पिएसए र भर्चुअल संवाद कार्यक्रम जिल्लामा निरन्तर प्रशारण गरिरहेको,
- वैकल्पिक सिकाइलाई प्रभावकारी बनाउन स्थानीय सरकार लगायत शिक्षा सरोकारवालालाई आवश्यक सुझाव, सहकार्य र सहयोग प्रदान गर्दैआएको,
- सामाजिक सञ्जालको माध्यमबाट कोभिड-१९ बारे जनचेतना जगाउन र बालबालिकाको शिक्षालाई प्राथमिकताको बिषय बनाउन इन्फोग्राफिक्स सार्वजनिक गरेको ।

## एनसिई नेपालका गतिविधि विभिन्न सञ्चार माध्यममा


























**NCE NEPAL**

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०
पो.ब.नं. : १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np